२०८१ कात्तिक २८ गते

श्रीमान् संयोजकज्यू
बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यहरूको सिफारिस गर्न गठित समिति, सिंहदरबार, काठमाडौं

मार्फत,
श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू, जिल्ला प्रशासन कार्यालय बाँके

विषय- ध्यानाकर्षण गरिएको बारे

महोदय,

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ उपदफा (१) बमोजिम उच्चस्तरीय बेपत्ता बेपत्ता पारिएका व्यक्ति छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्तिका नाम सिफारिस गर्न गठित समितिले २०८१ कात्तिक २३ गते एक सूचना प्रकाशन गरी योग्यता पुगेका व्यक्तिबाट एक हप्ताभित्र आवेदन दिन माग गरेको छ । यस सन्दर्भमा तपसील बमोजिमका विषयमा सिफारिस समितिको ध्यानाकर्षण गराउन चाहन्छौं ।

१. आयोगका अध्यक्ष वा सदस्यका लागि निवेदन दिएका निवेदकको निवेदनका आधारमा कसरी, कुन प्रकृया र विधिबाट छोटो सूची प्रकाशन गरिन्छ ?

२. छनोट प्रकृया पारदर्शी भए नभएको सुनिश्चित गर्न सिफारिस समितिले कस्तो मापदण्ड तयार पार्दैछ ?

३. सिफारिस गरिएका व्यक्तिको सार्वजनिक सुनुवाइ गर्ने कुनै योजना तयार पारिएको छ की छैन ?

४. एक हप्ताको अवधि राखेर माग गरिएको सूचनाले पर्याप्त निवेदन प्राप्त नहुने र योग्य व्यक्तिले निवेदन नदिने सम्भावना रहने भएकाले निवेदन दिने म्याद थप गर्न हामी मानव अधिकारकर्मी माग गर्दछौ ।

उल्लिखित विषयमा आयोगको ध्यानाकर्षण हुन सके आयोगको नियुक्ति पारदर्शी र स्वीकार्य हुनेमा हामी तपशिलका लुम्बिनी प्रदेशका मानव अधिकारकर्मी आशावादी छौ ।

तपशिल:

① सुदिन [illegible]· वरिष्ठ अधिवक्ता
② बसन्त गौतम - संयोजक (एडभोकेसी फोरम)
③ भोला महत - " (इन्सेक नेपालगंज)
④ बल बहादुर चन्द " एस डि. एम. सी, बाँके

P.T.O.

५ शिखरजा पनेरु - सीबीन नेपाल
प्रभात कुमार ठकुरी - केन्द्रीय सदस्य · मा.अ.प. (एमाले)
६ प्राध्यापक रवीन्द्र कर्ण -
७ यमुना सिग्देल - अध्यक्ष (जातीय फाउन्डेसन)
८ गनक बहादुर शाही - पूर्व अध्यक्ष : जिल्ला बार बाँके
९ दिलिता गौतम - संयोजक - फेडो, बाँके
१० प्रकाश उपाध्याय - मानवअधिकार कर्मी
११ छगन मुरारी प्र.अ.: ज्येष्ठ नागरिक समाज
१२ परिना चौधरी - संयोजक (पश्चिम तारा)
१३ विनोद थापा - अध्यक्ष (समाज सेवा संस्था नेपाल)
१४ आभा पाठक - Self एच आरडी - दाङ
१५ तिला वली - महिला एकता समाज - दाङ
१६ प्रभा श्रेष्ठ - सोभी संस्था
१७ निर्मला पौडेल - शक्ति समूह नेपाल
१८ सिता चौधरी - द्वन्द्व पीडित राष्ट्रिय महिला सञ्जाल
१९ लक्ष्मी विष्टपुन → द्वन्द्व पीडित राष्ट्रिय महिला सञ्जाल
२० राकेश मिश्र - पत्रकार (पत्रकार अवधी ...)
२१ सोनिमा थापा - समाज सेवा संस्था नेपाल